Friday, July 4, 2025
Asar 20, 2082 | Nepal Sambat 1145 | Dillathwo Nawami

risingnepaldaily.com
Vol. LX, No. 201 | Pages 8+4 | Rs. 5 | National Edition

NATION'S 1ST ENGLISH BROADSHEET

THE RISING NEPAL

ALL BE HAPPY, ALL BE WELL

# Ninth Power Summit to be held in September

BY A STAFF REPORTER
*Kathmandu, July 3*




PHOTO: TRN

**IPPAN president Ganesh Karki shares about the summit during a press meeting in Kathmandu.**

The 9th edition of Power Summit 2025, the flagship event of Independent Power Producers' Association, Nepal (IPPAN) is scheduled to be held on September 17-18 in Kathmandu.

The announcement was made during a press conference held on Thursday. The IPPAN leadership also shared the strategic importance of the Summit at the event.

The theme of the September Power Summit is 'Mission 28,500 MW: Powering Nepal, Energizing Region'.

With a vision of establishing Nepal as a regional powerhouse for clean energy, the Power Summit 2025 promises to be a landmark event in shaping the future of the Himalayan nation's energy sector, said Ganesh Karki, president of IPPAN.

In the context of the government's advanced Energy Development Roadmap-2081 that aims to generate an additional 25,000 megawatts electricity within the next decade, the Power Summit, 2025, an international-level event in the energy sector is being organised in the country, said Karki.

This Summit will be organised on a grand scale under the patronage of the Ministry of Energy, Water Resources and Irrigation of Nepal, with India as the Country Partner through the Embassy of India in Nepal, and in participation of various national and international organisations, agencies, and companies.

President of IPPAN Karki emphasised the critical role of the private sector in Nepal's energy sector development.

"The private sector has been playing an important role in the development of hydropower in Nepal since the introduction of the Electricity Act 1992 (2049 B.S.). Currently, it contributes more than 80 per cent to Nepal's total energy production," he said.

Private sector is allowed to generate energy following the establishment of multi-party democracy. Over the years, the installed capacity of Nepal has reached 3,602 MW, and of that, 2,900 MW has been generated by independent power producers (IPPs).

The favourable investment policies introduced by the government have made this possible, Karki added.

The private sector has been able to generate the power in just 25 years since the private sector entered energy production. So far, the private sector has mobilised investment exceeding Rs. 1,300 billion and is looking to invest Rs. 5,000 billion.

Nepal was able to generate only 3,600 megawatts of electricity in 114 years, since the development of the first power plant. But, now, the government has set an ambitious target to generate 28,500 megawatts by 2035. Realising that this goal is possible only through the responsibility and active participation of the private sector, this Summit is being organized on a grand scale, he said.

Power Summit 2025 is expected to draw over 1,000 participants from 30 countries, including senior government officials, diplomats, international experts, investors, financial institutions, and representatives from development agencies and private sector.

Following previous successful summits in 2006, 2007, 2008, 2012, 2013, 2016, 2019, and 2023, this year's edition seeks to not only reinforce Nepal's standing in the international energy community but also offer concrete recommendations for achieving net-zero goals, strengthening domestic infrastructure, and advancing regional market integration, said Ananda Chaudhary, vice-president and Coordinator, Power Summit Main Event Committee.

Distinguished attendees will include the Prime Minister of Nepal, high-level dignitaries from multiple countries, subject experts, and key stakeholders in the energy ecosystem, said the IPPAN.

The experts and stakeholders from relevant fields will engage in policy debates, share success stories and achievements, and exchange experiences, said Karki.

Experts will also deliberate on infrastructure challenges, climate change impacts, disaster risk reduction, and consumption patterns in the region.

IPPAN expects the Summit will be a place to identify Nepal as a green energy developing country by addressing regional and international concerns. These include the implementation of the Energy Roadmap, enhancing the availability of green and clean energy in Nepal and South Asian countries, promoting electricity and carbon trading, developing innovative financial instruments, ensuring energy security, and expanding regional connectivity through cross-border infrastructure development.

It will also serve as a forum to share experiences and best practices from various countries and development partners, contributing to effective policy-making in Nepal and the region.

सुनचाँदी (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १,९२,१०० ▲ |
| चाँदी | : | २१७० ▲ |

गोरखापत्र
gorkhapatraonline.com

अर्थबजार

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७०३.९६ (+९.१४) ▲ |
| कारोबार रकम | : | ९,६४५,५५०,६८० ▼ |
| कारोबार भएका सेयर | : | २४,९७६,३६६ |
| कारोबार सङ्ख्या | : | ९६,४११ |
| कारोबार भएका कम्पनी | : | ३११ |

# इप्पानको पावर समिट ऊर्जा विकास मार्गचित्रमा केन्द्रित हुने




- मिसन २८ हजार पाँच सय मेगावाटको नारामा नवौँ चरणको सम्मेलन
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाता कम्पनी, निर्माण व्यवसायी कम्पनी, बैङ्क तथा वित्तीय संस्था, बिमा कम्पनीलगायतका सरोकारवाला सहभागी हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार १९ गते*

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) ले आगामी असोज १ र २ गते पावर समिट–२०२५ आयोजना गर्ने भएको छ। बिहीबार राजधानीमा पत्रकार सम्मेलन गरी इप्पानले यस्तो जानकारी दिएको हो।

नेपाल सरकार मन्त्रीपरिषद्‌बाट पारित ऊर्जा विकास मार्गचित्र–२०८१ को लक्ष्य प्राप्तिमा सम्मेलनलाई केन्द्रित गर्ने गरी मिसन २८ हजार पाँच सय मेगावाटको नारामा नवौँ चरणको यो सम्मेलन गर्न लागिएको इप्पानले जनाएको छ।

सम्मेलनका विभिन्न सत्रमा विद्युत् उत्पादन, प्रसारण तथा वितरणका विविध आयाममा स्वदेशी तथा विदेशी लगानीकर्ता, विज्ञ तथा नीतिनिर्माताको सहभागितामा छलफल गरिने इप्पानले जनाएको छ।

पत्रकार सम्मेलनमा इप्पानका अध्यक्ष गणेश कार्कीले नेपालको ऊर्जा क्षेत्रको विकासमा निजी क्षेत्रको योगदान अग्रणी रहँदै आएको र त्यसलाई अझै प्रभावकारी बनाउँदै आगामी सन् २०३५ सम्ममा नेपालको विद्युत् उत्पादन २८ हजार पाँच सय मेगावाट पुर्‍याउने विषयमा सम्मेलन केन्द्रित रहने जानकारी दिनुभयो।

"सन् २०३५ भित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन पुर्‍याउने सरकारको लक्ष्य हासिल गर्नु निजी क्षेत्रको जिम्मेवारी र दायित्व हो," उहाँले भन्नुभयो, "यो दात्यित्व पूरा गर्न बेलैमा सक्रियता होस् भन्ने मुख्य उद्देश्य यो सम्मेलनको छ।"

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको संरक्षकत्व र नेपालस्थित भारतीय दूतावासको साझेदारीमा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घ संस्था, निकाय र कम्पनीको सहभागितामा बृहत् रूपमा यो समिट आयोजना गर्न लागिएको उहाँले जानकारी दिनुभयो।

हालसम्म निजी क्षेत्रले जलविद्युत् उत्पादन क्षेत्रमा १३ खर्ब रुपियाँ बराबरको लगानी गरिसकेको र ५० खर्ब रुपियाँ लगानीका लागि तयारी गरिरहेको उहाँको भनाइ छ।

सम्मेलनमा ३० भन्दा धेरै देशका लगानीकर्ता, कूटनीतिक तथा विकास साझेदार नियोगका अधिकारी, सरकारी तथा गैरसरकारी निकाय, विश्वविद्यालय, मित्र राष्ट्रहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाता कम्पनी, निर्माण व्यवसायी कम्पनी, बैङ्क तथा वित्तीय संस्था, बिमा कम्पनीलगायतका सरोकारवाला सहभागी हुने इप्पानले जनाएको छ।

सम्मेलनमा नेपाल र दक्षिण एसियाली देशको हरित र स्वच्छ ऊर्जा उपलब्धता, विद्युत् र कार्बन व्यापारसँगै नवीनतम वित्तीय उपकरणको विकास, ऊर्जा सुरक्षाको सुनिश्चित, अन्तरदेशीय पूर्वाधार निर्माणमार्फत क्षेत्रीय सम्पर्क विस्तार, नेपाल र दक्षिण एसियाली मुलुकको नेट जिरो इमिसनको लक्ष्य प्राप्ति, दिगो र समावेशी ऊर्जा विकास जस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय चासोलाई सम्मेलनमा सम्बोधन गरिने विज्ञप्तिमा उल्लेख छ।

नेपाललाई हरित ऊर्जा विकासकर्ता मुलुकका रूपमा चिनाउने थलो समिट बन्ने इप्पानले अपेक्षा गरेको जनाउँदै विज्ञप्तिमा उल्लेख छ, "ऊर्जा क्षेत्रका विगतदेखिका तथा नयाँ चुनौतीको सामनाका लागि नेपाल र अन्य देशले बनाउनुपर्ने नीति निर्माणसँगै विश्वका विभिन्न देश र विकास साझेदारको अनुभव र अभ्यासबारे समेत समिटमा छलफल हुने छ।"

लोकप्रिय राष्ट्रिय दैनिक

www.rajdhanidaily.com

राजधानी

# असोजमा 'पावर समिट' हुने




**राजधानी समाचारदाता**

काठमाडौं, १९ असार

मुलुकको उर्जा क्षेत्रको प्रवर्धनका लागि आगामी १ र २ असोजमा पावर समिट हुने भएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)ले पावर समिट आयोजना गर्न लागेको हो । पावर समिटको नारा 'मिसन २८ हजार ५ सय मेगावाट पावरिङ नेपाल, इनर्जिङ रिजन' रहेको छ ।

इप्पानका अनुसार नेपालको कुल ऊर्जा उत्पादनमा निर्जी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी रहेको छ । बहुदलीय प्रजातन्त्रपछि ऊर्जामा निजी क्षेत्रलाई खुला गरेसँगै नेपाल सरकारले अघि सारेको लगानीमैत्री नीतिकै कारण नेपालको कुल उत्पादन क्षमता ३ हजार ६ सय २ मेगावाट पुग्दा २ हजार ९ सय मेगावाट विद्युत् निर्जी क्षेत्रबाट उत्पादन भइरहेको छ ।

ऊर्जा उत्पादनमा निर्जी क्षेत्रको प्रवेश भएको २५ वर्षमै निर्जी क्षेत्रले यति धेरै उत्पादन गर्न सफल भएको हो । हालसम्म निर्जी क्षेत्रले १३ खर्ब रुपैयाँबराबरको लगानी गरिसकेको छ भने ५० खर्ब रुपैयाँ लगानीका लागि तम्सिएको छ। निर्जी क्षेत्रकै अगुवाइमा ४ हजार २ सय मेगावाट क्षमताका आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेको र ४ हजार १ सय मेगावाट क्षमताका आयोजनाहरू विद्युत् खरिद सम्झौता (पीपीए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको छ ।

नेपाल सरकारले आगामी १० वर्षभित्र थप २५ हजार मेगावाट निर्माण गर्ने ऊर्जा विकास मार्गचित्र-२०८१ अघि सारेको परिप्रेक्ष्यमा आगामी असोजमा ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको कार्यक्रमका रूपमा परिचित पावर समिट, २०२५ आयोजना गर्न लागिएको इप्पानले जनाएको छ ।

नेपालको ऊर्जा उत्पादनको १ सय १४ वर्षको इतिहासमा ३६ सय मेगावाट मात्र उत्पादन क्षमता पुगेको सन्दर्भमा सन् २०३५ भित्र २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन पुऱ्याउने सरकारको लक्ष्य हासिल गर्नु निर्जी क्षेत्रको जिम्मेवारी र दायित्व हो भन्ने महसुस सो समिट गर्न लागेको इप्पानको भनाइ छ। नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको संरक्षकत्व र नेपालस्थित भारतीय दूतावास देशीय साझेदारीका साथै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्था, निकाय र कम्पनीहरूको सहभागितामा यो समिट आयोजना गर्न लागिएको हो ।

यस वर्षको सम्मेलनले सम्बन्धित क्षेत्रका विशेषज्ञ तथा सरोकारवालाहरूलाई एकैठाउँमा भेला गरी नीतिगत बहस, हासिल भएका सफलता तथा उपलब्धि र अनुभवहरूको आदान-प्रदान गर्ने जमर्को गर्ने इप्पानले जनाएको छ ।

# २८ हजार ५ सय मेगावाटको मिसनसहित 'पावर समिट' हुँदै



नेपाल समाचारपत्र, काठमाडौं

ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको सम्मेलन 'पावर समिट २०२४' आगामी मङ्सिर १ र २ गते काठमाडौंमा आयोजना हुने भएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) को आयोजनामा हुने यो सम्मेलन नेपालको ऊर्जा विकासमा निजी क्षेत्रको नेतृत्व, लगानीको सम्भावना र क्षेत्रीय व्यापारको दिशा तय गर्न महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

सरकारको दीर्घकालीन सोच 'ऊर्जा विकास मार्गचित्र २०८१' मा आगामी १० वर्षभित्र २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको सन्दर्भमा 'मिसन २८ हजार ५ सय मेगावाट : समृद्ध नेपाल, इम्पावरिङ रिजन' भन्ने नाराकासाथ आयोजना हुन लागेको 'पावर समिट २०२४' इप्पानको पाँचौं संस्करणको विशेष कार्यक्रम हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको संरक्षकत्व र नेपालस्थित भारतीय दूतावासको सहकार्यमा हुने सम्मेलनमा ६० भन्दा बढी देशका लगानीकर्ता, विकास साझेदार, विज्ञ, नीति निर्माता, बैंक तथा वित्तीय संस्था, निर्माण व्यवसायी, व्यापारकर्ता कम्पनी उपकरण आपूर्तिकर्ता निकायका प्रतिनिधिहरूको सहभागिता रहनेछ इप्पानले जनाएको छ।

सम्मेलनको ऊर्जा मार्गचित्र कार्यान्वयन, हरित ऊर्जा उत्पादन, प्रसारण तथा विद्युत् व्यापार, क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार, ऊर्जा सुरक्षाको सुनिश्चितता, नवीनतम वित्तीय उपकरणको विकास तथा दिगो ऊर्जा प्रणाली निर्माणका विषयमा गहिरो बहस गर्नेछ। साथै, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप न्यूनीकरण, भौतिक पूर्वाधार विस्तार र सुधार सम्बन्धी नीति निर्माणमा समेत समिट केन्द्रित हुने इप्पानले जनाएको छ।

समिटले नेपाललाई क्षेत्रीय स्तरमा हरित ऊर्जा विकासकर्ता मुलुकको रूपमा स्थापित गर्न मद्दत पुग्ने विश्वास गरिएको छ। सम्मेलनमा प्रधानमन्त्रीलगायत नेपाल तथा अन्य देशका विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहनेछ।

इप्पानका अनुसार, हाल नेपालमा कुल ३ हजार ४०२ मेगावाट विद्युत् उत्पादन भइरहेकोमा करिब २ हजार ५०० मेगावाट अर्थात् ७० प्रतिशतभन्दा बढी निजी क्षेत्रबाट उत्पादित हो। निजी क्षेत्रका साथै ऊर्जा क्षेत्रमा लगानीको वातावरण बनाइएपछि २८ वर्षभित्रै निजी क्षेत्रले ५६ खर्ब रुपैयाँ बराबरको लगानी गरिसकेको छ भने आगामी दिनमा थप ६० खर्ब रुपैयाँ बराबरको लगानीको तयारीमा रहेको जानकारी गराइएको छ।

हाल निर्माणाधीन ४ हजार २०० मेगावाट क्षमताका आयोजना निजी क्षेत्रको अगुवाइमा अगाडि बढेका छन् भने ४ हजार ६०० मेगावाटका आयोजना विद्युत् खरिद सम्झौता (पीपीए) सम्पन्न गरी वित्तीय व्यवस्थापनको चरणमा छन्।

## असोजमा पावर समिट

# हरित ऊर्जा र क्षेत्रीय व्यापारमा केन्द्रित हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असार ।

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ले नवौं संस्करणको पावर समिट गर्ने भएको छ । 'मिसन २८५०० मेगावाट : पावरीङ नेपाल, इनर्जीङ रिजन' नारासहित आगामी असोज १ र २ गते पावर समिट गर्न लागेको हो ।

नेपालको ऊर्जा उत्पादनको १ सय १४ वर्षको इतिहासमा ३६ सय मेगावाट मात्र उत्पादन क्षमता पुगेको सन्दर्भमा सन २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत उत्पादन पुऱ्याउने लक्ष्य हासिल गर्न निजी क्षेत्रको समेत दायित्व भएको भन्दै समिटको आयोजना गरिएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए ।

ऊर्जा विकास मार्ग चित्र, २०८१ को सफल कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस्तै नेपालको बढ्दो उत्पादनलाई क्षेत्रिय बजारमा व्यापार गर्न ३० भन्दा धेरै देशका लगानीकर्ताहरु, कुटनीतिक तथा विकास साझेदार




नियोगका अधिकारीहरु, सरकारी तथा गैरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय परामर्शदाता कम्पनी, निर्माण व्यवसायी कम्पनी, बैंक तथा वित्तिय संस्था, बीमा कम्पनी लगायतका उपस्थिति रहने बताइएको छ ।

सरोकारवाला निकायका प्रतिनीधि, विज्ञ, विशेषज्ञ लगायतलाई एउटै छानामुनी भेला गराएर ऊर्जा समृद्धिका विभिन्न आयामहरुकोबारे नीतिगत बहस गर्ने मुख्य उद्देश्य समिटले राखेको छ । सम्मेलनमा एक हजार भन्दा बढीको सहभागिता रहने अनुमान इप्पानले गरेको छ ।

ऊर्जा मार्गचित्र कार्यान्वयनसँग जोडिएको नेपाल र दक्षिण एशियाली देशहरुको हरित र स्वच्छ ऊर्जा उपलब्धता, विद्युत र कार्बन व्यापारसँगै नविनत्तम वित्तिय उपकरणको विकास, ऊर्जा सुरक्षाको सुनिश्चितता, अन्तरदेशीय पूर्वाधारहरु निर्माणमार्फत क्षेत्रीय सम्पर्क विस्तार, नेपाल र दक्षिण एशियाली मुलुकहरुको नेट जिरो इमिसनको लक्ष्य हासिल, दिगो र समावेशी ऊर्जा विकास जस्ता क्षेत्रीय र अर्न्तराष्ट्रिय चासोलाई सम्बोधन गरी नेपाललाई हरित ऊर्जा विकासकर्ता मुलुकको रुपमा समिटले चिनाउने इप्पानले अपेक्षा गरेको छ ।

समिटमा हुने आन्तरिक तथा बाह्य पूर्वाधार निर्माण र खपत वृद्धि, जलवायु परिवर्तनको असर र न्यूनीकरणसँगै प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण जस्ता चुनौतीहरुको सामनाका विषयमा छलफल हुनेछ । समिटले नेपालको दिगो ऊर्जा विकास र क्षेत्रीय बजारमा दरिलो उपस्थितिका लागि अबको बाटो पहिल्याउने गरी ठोस सुझाव र मार्ग निर्देशन प्राप्त हुने र यसले क्षेत्रीय बजारमा नेपालको ऊर्जालाई प्रतिस्पर्धी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । नेपालको कुल ऊर्जा उत्पादनमा निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी छ ।

सौर्य दैनिक
www.souryaonline.com
वर्ष १४ अंक १३५ शुक्रबार, २० असार २०८२ SOURYA NATIONAL DAILY Firday, 4 July 2025 पृष्ठ : ८ मूल्य रू. ५

# असोज पहिलो साता ऊर्जा सम्मेलन




**सौर्य समाचार**

काठमाडौँ । आगामी असोजमा ऊर्जा क्षेत्रमा अन्तर र्ष्ट्रियस्तरको कार्यक्रमको रूपमा परिचित पावर समिट, २०२५ आयोजना हुने भएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)को आयोजनामा पावर समिट असोज १ र २ मा काठमाडौँमा हुन लागेको हो ।

नेपालको ऊर्जा उत्पादनको ११४ वर्षको इतिहासमा ३ हजार ६०० मेगावाट मात्र उत्पादन क्षमता पुगेको सन्दर्भमा सन २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने सरकारको लक्ष्य हासिल गर्नु निजी क्षेत्रको जिम्मेवारी र दायित्व हो भन्ने महसुस गरी यही नाराका साथ नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको संरक्षकत्व र नेपालस्थित भारतीय दूतावास देशीय साझेदारीका साथै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्था, निकाय र कम्पनीहरूको सहभागितामा बृहत् रूपमा यो समिट आयोजना गर्न लागिएको इप्पानले जनाएको छ ।

यो पावर समिट सन् २००६, २००७, २००८, २०१२, २०१३, २०१६, २०१९ र २०२३ पछिको नवौँ संस्करण भएको इप्पानले जनाएको छ । ऊर्जा विकास मार्ग चित्र, २०८१ को सफल कार्यान्वयनमा सहयोग पुऱ्याउन र नेपालको बढ्दो उत्पादनलाई क्षेत्रीय बजारमा व्यापार गर्न/गराउन ३० भन्दा धेरै देशका लगानीकर्ताहरू, कूटनीतिक तथा विकास साझेदार नियोगका अधिकारीहरू, सरकारी तथा गैरकारी निकाय, विश्वविद्यालय, मित्र राष्ट्रहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाता कम्पनी, निर्माण व्यवसायी कम्पनी, बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी लगायतका सबै सरोकारवाला निकायका प्रतिनिधि, प्रवुद्ध व्यक्तित्व, विज्ञ, विशेषज्ञ लगायतलाई एउटै छानामुनि भेला गराएर ऊर्जा समृद्धिका विभिन्न आयामहरूकोबारे नीतिगत बहस गर्ने मुख्य उद्देश्य समिटले राखेको छ ।

यस वर्षको सम्मेलनले सम्बन्धित क्षेत्रका विशेषज्ञ तथा सरोकारवालाहरूलाई एकै ठाउँमा भेला गरी नीतिगत बहस, हासिल भएका सफलता तथा उपलब्धि र अनुभवहरूको आदानप्रदान गर्ने जमर्को गर्ने जनाइएको छ । यस सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरू, सरकारी संघ संस्थाका उच्चअधिकारीहरू, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका सरोकारवालाहरू गरी विगतका सम्मेलनको जस्तै १ हजारभन्दा बढीको सहभागिता रहने अनुमान गरिएको छ ।

विशेष गरी ऊर्जा मार्गचित्र कार्यान्वयनसँग जोडिएको नेपाल र दक्षिण एसियाली देशहरूको हरित र स्वच्छ ऊर्जा उपलब्धता, विद्युत् र कार्बन व्यापारसँगै नवीनतम वित्तीय उपकरणको विकास, ऊर्जा सुरक्षाको सुनिश्चितता, अन्तरदेशीय पूर्वाधारहरू निर्माणमार्फत क्षेत्रीय सम्पर्क विस्तार, नेपाल र दक्षिण एसियाली मुलुकहरूको नेट जिरो इमिसनको लक्ष्य हासिल, दिगो र समावेशी ऊर्जा विकासजस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय चासोलाई सम्बोधन गरी नेपाललाई हरित ऊर्जा विकासकर्ता मुलुकको रूपमा चिनाउने थलो समिट बन्ने इप्पानले अपेक्षा गरेको छ ।

समिटमा हुने आन्तरिक तथा वाह्य पूर्वाधार निर्माण र खपत वृद्धि, जलवायु परिवर्तनको असर र न्यूनीकरणसँगै प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणजस्ता चुनौतीहरूको सामनाका लागि नेपाल र अन्य देशहरूले बनाउनुपर्ने नीति निर्माणसँगै विश्वका विभिन्न देश र विकास साझेदारहरूको अनुभव र अभ्यासहरूको बारेमा समेत समिटमा छलफल हुनेछ । यी मुद्दा र विषयमा केन्द्रित हुने समिटले नेपालको दिगो ऊर्जा विकास र क्षेत्रीय बजारमा दरिलो उपस्थितिका लागि अबको बाटो पहिल्याउने गरी ठोस सुझाव र मार्ग निर्देशन प्राप्त हुने र यसले क्षेत्रीय बजारमा नेपालको ऊर्जालाई प्रतिष्पर्धी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपालको कुल ऊर्जा उत्पादनमा निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी छ । बहुदलीय प्रजातन्त्रपछि ऊर्जामा निजी क्षेत्रलाई खुला गरेसँगै नेपाल सरकारले अघि सारेको लगानीमैत्री नीतिकै कारण नेपालको कुल उत्पादन क्षमता ३ हजार ६०२ मेगावाट पुग्दा २ हजार ९०० मेगावाट विद्युत निजी क्षेत्रबाट उत्पादन भइरहेको छ ।

हालसम्म निजी क्षेत्रले १३ खर्ब रुपैयाँ बराबरको लगानी गरिसकेको छ भने ५० खर्ब रुपैयाँ लगानीको लागि तम्सिएको छ । निजी क्षेत्रकै अगुवाइमा ४ हजार २०० मेगावाट क्षमताका आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेको र ४ हजार १०० मेगावाट क्षमताका आयोजनाहरू विद्युत् खरिद सम्झौता (पिपिए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको तथा नेपाल सरकारले आगामी १० वर्षभित्र थप २५ हजार मेगावाट निर्माण गर्ने ऊर्जा विकास मार्गचित्र–२०८१ अघि सारेको परिपेक्ष्यमा आगामी असोजमा ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको कार्यक्रमको रूपमा परिचित पावर समिट, २०२५ आयोजना हुन लागेको हो ।

## २ प्रसारण लाइन निजी कम्पनीले बनाउने

काठमाडौँ । हाइटार–शीतलपाटी ४०० केभी र लामाबगर–बाह्वबिसे २२० केभी प्रसारण लाइन निजी क्षेत्रको सहभागितामा निर्माण गर्न राष्ट्रिय प्रसारण ग्रिड कम्पनी र निजी कम्पनीहरूबीच सम्झौता प्रक्रिया अन्तिम चरणमा रहेको छ । ग्रिड कम्पनीका सचिव राजेश पोखरेलले निजी क्षेत्रको सहभागितामा यी २ प्रसारण लाइन निर्माण गर्न निजी क्षेत्रका ऊर्जा प्रवर्द्धक कम्पनीहरूसँग सम्झौता गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको बताएका हुन् ।

यसअघि नै हाइटार–शीतलपाटी ४०० केभी प्रसारण लाइन निर्माणका लागि ६ वटा र लामाबगर–बाह्वबीसे २२० केभी प्रसारण लाइन निर्माणका लागि २ निजी कम्पनीले आवेदन दिइसकेका छन् । परियोजना निर्माणका लागि ती कम्पनीहरूले कति प्रतिशत सेयर हाल्ने र ग्रिड कम्पनीको कतिप्रतिशत सेयर रहने विषयको छलफल अन्तिम चरणमा रहेको पोखरेलले बताए ।

यसअघि हाइटार–शीतलपाटी प्रसारण लाइन निर्माणका लागि छुजुङ खोला जलविद्युत् आयोजना, तल्लो बरुण खोला, बकान खोला जलविद्युत् आयोजना र ६३ मेगावाट क्षमताको अर्को छुजुङखोला जलविद्युत् आयोजनाले यसअघि नै आवेदन दिइसकेका छन् ।

त्यसैगरी लामाबगर–बाह्वबिसे प्रसारण लाइन निर्माणका लागि नासा कम्पनी लिमिटेडअन्तर्गतको १६० मेगावाट क्षमताको ल्याप्चेखोला जलविद्युत् आयोजना र सानिमा हाइड्रोपावरअन्तर्गतको जुमखोला जलविद्युत् आयोजनाले आवेदन दिएका छन् ।